Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १९५ | वि.सं. २०८२ कार्तिक २१ शुक्रवार | नेपाल संवत्: ११४५ मंसिर कृष्ण द्वितीया | Friday 7 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ८ | मूल्य: ५ |-


## नेपालगञ्ज कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी

**युग संवाददाता**
**नेपालगञ्ज, २० कार्तिक ।**
नेपालगञ्ज कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको छ । 'एडभोकेसी' फोरम नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र उपभोक्ता संरक्षण मञ्च लुम्बिनी प्रदेशले संयुक्त रूपमा गरेको अनुगमनमा जेनजी प्रदर्शनपछि बाँके कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको पाइएको हो ।

अनुगमन पश्चात् नेपालगञ्ज कारागारको अवस्था सुधार गरी कैदीबन्दीको उचित व्यवस्थापन गर्न आग्रह गरिएको छ। कारागारमा अहिले ३५० कैदीबन्दीको क्षमता रहेकामा ८०० कैदीबन्दी तथा थुनुवा राखिएको छ । यहाँ रहेका कैदीबन्दीमध्ये सबैभन्दा बढी लागुऔषध कारोबार, जबरर्जस्ती करणी, कर्तव्यज्यान मुद्दाका रहेका कारागार प्रशासनले जनाएको छ।

कारागारका जेलर प्रकाश ढुङ्गानाले महिला कैदीबन्दी गृह नभएकाले बर्दिया कारागारमा पठाउने तयारी भइरहेको जानकारी दिए । जेनजी प्रदर्शनका क्रममा केही कैदीबन्दी भाग्न खोजेपछि सुरक्षाकर्मीले नियन्त्रणका लागि गोली चलाउँदा कैलालीका २४ वर्षीय उमेश बमको खुट्टामा गोली लागेर घाइते भएका उल्लेख गर्दै उनले बमको अवस्था सामान्य भएपछि पुनः कारागार फर्किएका बताए।

क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी बस्नुपर्ने अवस्था भएकाले बसोबास, स्वास्थ्य र सरसफाइमा कठिनाइ देखिएपछि सुधारका लागि आग्रह गरिएको एडभोकेसी फोरमका प्रदेश संयोजक बसन्त गौतमले बताए। उनले कारागारमा अस्थायी रूपमा एक महिलाबन्दी राखिएको भए पनि बाँकेमा महिला कैदीबन्दीका लागि छुट्टै कारागार भवनको अभाव रहेको उल्लेख गरे।

कारागारमा कैदीबन्दीका लागि पिउने पानी, सरसफाइ र स्वास्थ्य उपचारको सामान्य सुविधा मात्र रहेको पाइएको अनुगमन टोलीले जनाएको छ । स्वच्छ पानीका लागि समरसेल र मिनरल वाटरको व्यवस्था गरिएको छ भने ए ब्लक र बी ब्लकमा गरी ११ वटा सार्वजनिक शौचालय सञ्चालनमा छन् । प्राथमिक तहको विद्यालय पनि सञ्चालनमा रहेको सो कारागारमा कक्षा १ देखि ५ कक्षासम्म १८ जना कैदीबन्दीले अध्यायन गरिरहेका जेलर ढुङ्गानाले जनाकारी दिए।

कारागारको प्रशासनिक भवन जीर्ण भएकाले कर्मचारीले असुरक्षित महसुस गर्दै बाहिरबाट

बाँकी ३ पेजमा

## कोरियाली सहयोगमा समावेशी ग्रामीण विकास परियोजना सुरू

**युग संवाददाता**
**काठमाडौं, २० कार्तिक ।**
कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका)ले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा बर्दियामा समावेशी ग्रामीण विकास परियोजना प्रारम्भ गरेको छ। बुधबार यहाँ उक्त परियोजना सञ्चालक समितिको पहिलो बैठक सम्पन्न भएसँगै ८० लाख अमेरिकी डलर बराबरको पाँचवर्षे परियोजना बर्दियामा सुरु भएको हो।

कोइकाले जारी गरेको प्रेस विज्ञप्तिअनुसार बैठकको अध्यक्षता सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सहसचिव नीता पोखरेल तथा सह-अध्यक्षता कोइकाका देशीय निर्देशक कड मुहोनले गरेका थिए। बैठकमा बर्दियाका बरबर्दिया, बाँसगढी, बढैयाताल, गेरुवा, गुलरिया, मधुवन, राजापुर र ठाकुरबाबाका नगरप्रमुखहरू, बर्दिया राष्ट्रिय निकुञ्जका प्रतिनिधि तथा कोरियन इन्स्टिच्युट फर डेभलपमेन्ट स्ट्राटेजीका व्यवस्थापन परामर्शकर्ता टोलीका सदस्य उपस्थित थिए।

# चौथो पटक तय भयो १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति

“ नेकपा एमाले र नेपाली कांग्रेसबिच भागवण्डाको लडाइले झण्डै एक वर्ष पुग्ने लाग्दा परिषद्का प्रशासनिक कामहरु ठप्प छन् ।



**ओम शाही**
**सुर्खेत, २० कार्तिक ।**
संघीय सरकारले चौथो पटक १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय गरेको छ। बुधबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताको अध्यक्षतामा बसेको बैठकले प्रतियोगिता आगामी १-७ फागुन २०८२ मा गर्ने निर्णय गरेको हो। उक्त प्रतियोगिता कर्णालीमा सञ्चालन हुनेछ। राखेपको १२३औं बैठकबाट प्रतियोगिताको मिति तय भएको यो चौथो पटक हो।

३ कात्तिक २०७९ मा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता समापन समारोहबाट १० औं प्रतियोगिता आयोजनाको जिम्मेवारी कर्णालीले पाएको थियो । तर, कर्णालीमा पहिलोपटक आयोजना हुन लागेको खेलकुदको महाकुम्भ मानिने राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति यसअघि तीन पटक घोषणा भइसकेको छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट १०औं को झण्डा पाएको कर्णालीमा २-८ मंसिर २०८१ मा प्रतियोगिताको पहिलो मिति तय भएको थियो।

तर, प्रतियोगिताको उद्घाटन र अधिकांश खेल सञ्चालन हुने मुख्य पूर्वाधार कर्णाली प्रादेशिक रंगशाला निर्माण सम्पन्न नभएपछि पहिलो मितिमा प्रतियोगिता हुन सकेन। त्यसपश्चत २३-३० चैत २०८१ मा दोस्रो पटक, ३-१० जेठ २०८२ मा तेस्रो पटक १०औं राष्ट्रिय खेलकुदको मिति तय भएको थियो। मौसमी प्रतिकुलता र पूर्वाधार अभाव देखाएर तेस्रो पटक तय भएको मिति पनि स्थगित भएको थियो।

राष्ट्रिय खेलकुद परिषद्का सूचना अधिकारी खुशराज दाहालले मन्त्रिस्तरीय बैठकबाट आगामी फागुनको पहिलो साता मिति तय भएसँगै प्रतियोगिता तयारीका नियमित प्रक्रिया सुरु भएको बताए। उनले प्रतियोगिता सञ्चालनका लागि खेलकुद सञ्चालन निर्देशिका परिमार्जन, अर्थ मन्त्रालयले रोक्का राखेको बजेट फुकुवा र खर्चको मापदण्ड तय भएपछि प्रतियोगिताका लागि आवश्यक सामग्रीहरुको खरिद प्रक्रिया अघि बढ्ने बताए।

यी प्रक्रियाहरु समयमै पुरा भएको खण्डमा तोकिएकै मितिमा प्रतियोगिता सञ्चालनमा बाधा नपर्ने सूचना अधिकारी दाहालको दावी छ। संघीय सरकारले चौथो पटक प्रतियोगिताको मिति तय गरेर अघि बढ्दा आयोजक कर्णाली प्रदेश सरकार भने खेलकुद विकास परिषद्को सदस्य सचिव नियूक्तिमै अल्झिरहेको छ।

### • सम्पन्न नहुँदै जिर्ण बन्न थाल्यो रंगशाला

खेलकुद परिषद् नेतृत्वविहिन बनेपछि निर्माणाधिन प्रदेश रंगशाला अलपत्र जस्तै बनेको छ। हाल निर्माण सम्पन्न नहुँदै रंगशाला जिर्ण बन्दै जान थालेको छ। उचित संरक्षणको अभावमा रंगशालाको फुटबल मैदानमा घाँस उम्रिएको छ, भने अन्य सिभिल संरचनामा खिया लाग्न सुरु भएको छ। रंगशालाको काम एक प्रतिशत मात्रै बाँकी रहेको अवस्थामा रिक्त परिषद्का कारण निर्माण व्यवसायीको नौ करोड रुपैयाँ भुक्तानी रोकिएको छ।

६ पुस २०७७ मा नियुक्त भएका परिषद्का उपाध्यक्ष प्रमोद हमाल र सदस्य-सचिव विश्वामित्र सञ्ज्यालको चारवर्षे पदावधि ६ पुस २०८१ मा समाप्त भएपछि परिषद् पदाधिकारीविहन छ। नेकपा एमाले र नेपाली कांग्रेसबिच भागवण्डाको लडाईले झण्डै एक वर्ष पुग्ने लाग्दा परिषद्का प्रशासनिक कामहरु ठप्प छन्। एक प्रकारले भन्ने हो भने कर्णाली प्रदेश सरकारले सिङ्गो खेलकुद क्षेत्रलाई उपेक्षा गरिरहेको छ।

परिषद्को आर्थिक अधिकार सदस्य सचिवलाई हुने हुँदा अन्य खेल गतिविधिमा समेत समस्या भइरहेको छ। निर्माण व्यवसायी एमएसीजीएसएल जेभीका प्रतिनिधि पुरुषोत्तम बरालले परिषद् नेतृत्वविहिन बनेपछि आफूहरुलाई काम गर्न समस्या भएको दावी गरे।

निर्माण व्यवसायीको तर्फबाट एक प्रतिशत मात्रै काम बाँकी रहेको उल्लेख गर्दै बरालले भने, 'गेटमा पिच गर्ने लगायतका सानातिना काम बाँकी छन्। बाँकी भनेका परिषद्बाट निर्माण सम्पन्न संरचनाको विज्ञमार्फत गुणस्तर नापजाँच गनुपर्ने हुन्छ। परिषद् काम चलाउ बनेपछि यी कामहरु हुन नसकेको अवस्था छ। हाम्रा कारणले कुनै समस्या छैन।'

निर्माण सम्पन्न भएका संरचना हस्तान्तरण हुनुअघि विज्ञमार्फत गुणस्तर नापजाँच गर्नुपर्ने हुन्छ। विज्ञमार्फत गुणस्तर नापाजाँच गर्ने काम परिषद्ले गर्दछ। निर्माण सम्पन्न संरचनाको गुणस्तरका कारण भविष्यमा निम्तन सक्ने सुरक्षा चुनौतीलाई ध्यानमा राखेर प्राविधिक जाँच गुर्नपर्ने बराल बताउँछन्। नापजाँचका क्रममा कुनै कमजोरी भेटिए निर्माण आफुल्हले सुधार गर्ने उनी बताउँछन्। परिषद् रिक्त हुँदा यीनै प्राविधिक कामहर अघि नबढ्दा रंगशालाले पूर्णता नपाएको उनले बताए। उनले गत वर्षको पुस यता काम गरेको नौ करोड भुक्तानी पाउन नसकेको बताए।

उनका अनुसार बाँकी काम सम्पन्न गरी प्रदेश सरकारलाई रंगशाला हस्तान्तरण गर्ने र अपुग बजेट अर्को वर्ष भुक्तानी गर्ने विकल्प अघि सारिएको थियो। तर, त्यसमा प्रदेश सरकारले चासो नदेखाएको उनको दावी छ। सरकारले अपनत्व लिए एक महिनामा निर्माण सम्पन्न गरेर रंगशाला हस्तान्तरण गर्न तयार रहेको बरालको दावी छ।

अहिले निर्माण व्यवसायीले रंगशालाको रेखदेख गर्न आफ्ना कर्मचारी राखेको छ। परिषद् नेतृत्वबिहिन भएपछि निर्माण व्यवसायी र प्रदेश सरकारबीचको सञ्चार टुटेको दावी उनले गरे। 'प्रदेश सरकारका तर्फबाट प्रगति र निर्माण प्रक्रियाका बारेमा बुझ्ने कुरा छुट्टै हो,' उनले भने, 'कानुनीरुपमा खरिद प्रक्रिया परिषद्सँग भएको हो। अहिले परिषद्सँगको संवाद टुटेको अवस्था छ। हालसम्म रंगशालालाई पूर्णता दिने विषयमा प्रदेश सरकारले हामीसँग परामर्श गरेको छैन।'






CamScanner

## सम्पादकीय....

# सडक स्तरोन्तीको गति किन सुस्त ?

कर्णाली प्रदेशको राजधानी सुर्खेतको पश्चिम क्षेत्रका नागरिक अझै पनि हिलाम्मे र धुलाम्मे सडकमा यात्रा गर्न बाध्य छन् । ५० को दशकमा नै सडक खनिए पनि स्तरोन्नतिमा राज्यको उपेक्षा यस क्षेत्रमा कायमै छ। पश्चिम सुर्खेतलाई अन्तर जिल्ला र अन्तर प्रदेशीय सडक सञ्जालसँग जोड्ने पूर्व-पश्चिम मदन भण्डारी राजमार्ग र बड्डीचौर-बाबियाचौर-कुइने-चिसापानी सडक स्तरोन्तीको कार्य जारी छ। तर, यी सडक निर्माणको सुस्त गतिले पश्चिमका नागरिकको आशा निराशामा परिणत हुँदै आएको छ। मदन भण्डारी राजमार्गको सुर्खेत पूर्वी खण्ड अन्तिम चरणमा पुगे पनि पश्चिम खण्डमा काम सुस्त छ। बराहताल गाउँपालिका-५, बड्डीचौरदेखि सुरु हुने पहिलो खण्डको १२ किलोमिटर सडक तीन वर्षअघि निर्माण सुरु भए पनि कानुनी झमेला र प्राविधिक समस्याले काम अघि बढ्न सकेको छैन ।

संघीय मातहतको सडक भएकाले प्रदेश सरकारले प्रत्यक्ष काम गर्न नसक्ने, विद्युत् पोल र रुख कटानमा ढिलाइ, साथै बड्डीचौर बजार र पाइप डाँडामा देखिएका विवाद प्रमुख अवरोध बनेका छन् । संघीय सरकारले अनुमति नदिँदा सडक तीन वर्षसम्म अलपत्र रहनु नियामक निकायको चरम कमजोरी हो। बड्डीचौरबाट पश्चिम सुर्खेतको चौकुने गाउँपालिकाको पाल्पाघाटसम्म दुरी ८५ किलोमिटर छ। यसले पूर्णता पाएमा सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरु पूर्वि नेपालसँग जोडिनेछन् । त्यस्तै, कैलालीको चिसापानीसम्म जोडिने अर्को सडक पूर्ण भएपछि कर्णालीका सुर्खेत, दैलेख, कालिकोट, जुम्ला र हुम्लाका नागरिक सिधै सुदूरपश्चिमका कैलाली र कञ्चनपुर पुग्न सक्नेछन् । यी सडकहरू सञ्चालनमा आएपछि कर्णाली र सुदूरपश्चिमबीचको दुरी छोटिदा व्यापार र आवागमन सहज हुनेछ। स्थानीय उत्पादनले बजार पाउनेछ। सडक विस्तारले पश्चिम सुर्खेतका स्थानीय बजारहरू व्यवस्थित बन्नेछन् । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवामा नागरिकको पहुँच बढ्नेछ ।

रोजगारका अवसर सिर्जना मात्र होइन ग्रामीण जनजीवनमा विकासको मुल प्रवाह हुनेमा दुई मत छैन । तर, यसका लागि सडक निर्माणमा हुने ढिलासुस्तीको अन्त्य गर्न राजनीतिक तथा प्रशासनिक नेतृत्व जिम्मेवार बन्न जरुरी छ । संघीय सरकारले रुख कटान, विद्युत् पोल सार्ने लगायतका कानुनी प्रक्रियालाई सरलिकृत बनाउनु पर्दछ। जग्गा भोगाधिकारको कानुनी अल्झन सुल्झाउन वर्षौं लाग्ने परिपाटीको अन्त्य गर्न सके राज्यको लगानी गुम्ने जोखिम कम हुन्छ। यस्तै, प्रदेश सरकारले प्रभावकारी अनुगमन र मूल्यांकनको पाटोलाई बलियो बनाएर निर्माण व्यवसायीसँगको कार्यगत सहकार्यमा जागरुकता देखाउन आवश्क छ। कतिपय अवस्थामा निर्माण व्यवसायीका कारण पनि विकास निर्माणमा समस्या भइरहेको छ। यसमा काम गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्डित गर्ने नीति राज्यले अवलम्बन गर्नुपर्दछ। पश्चिम सुर्खेतका सडकहरू केवल भौतिक पूर्वाधार मात्र होइनन्, ती राज्यको जिम्मेवारी, सेवा प्रवाह र सुशासन मापनका सूचक पनि हुन् । यसर्थ, सडक निर्माणका सबै खाले अवरोध हटाएर समयमै पूर्णता दिलाउनेतर्फ सरकारले तत्काल गम्भीर ध्यान दिनु नै आजको आवश्यकता हो ।

## विश्व

# पाकिस्तान र अफगानिस्तानको तेस्रो चरणको वार्ता इस्तानबुलमा हुने

**इस्लामाबाद, २० कार्तिक ।**

पाकिस्तानले सीमापार आतङ्कवाद अन्त्य गरी युद्धविरामलाई सुदृढ पार्ने उद्देश्यले तेस्रो चरणमा बिहिबार इस्तानबुलमा अफगान तालिबान प्रतिनिधिहरूसँग पुनः वार्ता सुरु गर्ने तयारी गरेको जनाइएको छ। अक्टोबर ११ -१५ सम्म भएको झडप पछि पाकिस्तान र अफगान तालिबानका प्रतिनिधिहरूले दुई चरणको वार्ता यस अघिनै दोहा र इस्तानबुलमा गरिसकेको डन पत्रिकाले जनाएको छ।

तेस्रो चरणको लागि टर्की र कतारको संयुक्त मध्यस्थतामा दुवै पक्षको प्रतिनिधिमण्डल बुधबार इस्तानबुल आइपुगेको छ भने वार्ता दुई दिनसम्म जारी रहने बताइएको छ।

सेना, गुप्तचर निकाय र विदेश विभागका वरिष्ठ अधिकारीहरू सहितको पाकिस्तानी प्रतिनिधिमण्डलको नेतृत्व इन्टर-सर्भिस इन्टेलिजेन्सका महानिर्देशक लेफ्टिनेन्ट जनरल असीम मलिकले गरेको जनाइएको छ।

# दिल्लीमा बढ्दो वायु प्रदूषणका कारण श्वासप्रश्वास जन्य रोगको उच्च जोखिम

**नयाँदिल्ली, २० कार्तिक ।**

दिल्लीमा वायु प्रदुषका कारण श्वासप्रश्वास जन्य रोगहरू जस्तै रुघा खोकी, दम र आँखाबाट पानी बग्ने, नाक बग्ने जस्ता रोगहरूबाट पीडित बिरामीहरुको सङ्ख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको दिल्लीका चिकित्सकहरूले बिहीबार बताएका छन् । मिडियाका अनुसार भारतको नयाँ दिल्लीका अस्पतालहरू विगत केही दिन देखि त्यस्ता बिरामीहरूले भरिएका छन् ।

दिल्लीको दक्षिणी भागमा धुवाँको तह बढ्दै गए पछि बिहीबार, दिल्लीका धेरै क्षेत्रहरूमा वायु गुणस्तर सूचकाङ्क "खराब" श्रेणीमा रहेएको जनाइएको छ। वायु प्रदूषण नियन्त्रण गर्न सरकारले रुख तथा "सडकमा पानी छर्कने दिल्लीको शान्ति पथ क्षेत्रमा स्टिटलाइटका खम्बाहरूमा वाटर मिस्ट स्प्रेयरहरू जडान गर्ने" जस्ता विभिन्न उपायहरू गरिरहेको जनाइएको छ।

प्रेस ट्रस्ट अफ इन्डियाको एक अनलाइनका अनुसार "दिल्लीमा प्रदुषित र विषाक्त धुवाँको तह बढ्दै गएका कारण डाक्टरहरूले आँखाको समस्यामा ६० प्रतिशतले वृद्धि भएको रिपोर्ट गरेका छन् । डाक्टरहरूले प्रदुषित धुवाँ फोक्सोका लागि मात्र नभई आँखाका लागि पनि हानिकारक हुने चेतावनी दिएका छन् । "

दिल्लीस्थित राम मनोहर लोहिया अस्पतालमा मेडिसिनका प्राध्यापक पुलिन कुमार गुप्ताले आफू काम गर्ने अस्पतालमा वायु प्रदूषण सम्बन्धी रोगबाट पीडित बिरामीहरूको संख्या २२-२५ प्रतिशत रहेको बताउनु भएको छ। "वायु प्रदूषणका कारण दिल्लीका बासिन्दाहरु प्रभावित भएको उल्लेख गर्दै बालबालिका र वृद्धहरू सबैभन्दा धेरै जोखिममा रहेको डाक्टरहरूले बताउनु भएको छ । उनीहरूले दिल्लीका बासिन्दाहरूलाई सकेसम्म बाहिरी गतिविधिमा संलग्न नभइ अत्यावश्क कार्यहरु घर भित्रै बसेर गर्न सल्लाह दिएका छन् ।

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै देउती बज्यै मन्दिर

**युग संवाददाता**
**सुर्खेत, २० कार्तिक ।**

विरेन्द्रनगरस्थित गंगामाला देउती बज्यै (देवी)को मन्दिर धार्मिक आस्थाको केन्द्रसँगै धार्मिक पर्यटकीय गन्तव्यका रूपक विकास भएको छ। सुर्खेत पुग्ने पर्यटकले नछुटाउने गन्तव्यका रूपक चासो र चर्चा कमाइरहेको यो मन्दिर कर्णाली प्रदेशभित्रका महत्वपूर्ण तीर्थस्थलमध्येमा पर्दछ।

देउती बज्यै (देवी)को मन्दिर निकै चर्चित र पुरानो मन्दिरका रूपक रहेको पुजारी अनिशा राजीले जानकारी दिनुभयो । मन्दिरमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने गरेको उनले बताए। यस मन्दिरको उत्पत्तिका सम्बन्धमा रोचक किंवदन्ती रहेको छ। एक जना राजी र बालिकासँग सम्बन्धित किंवदन्ती बढी रूपक प्रचलित छ। किंवदन्तीअनुसार प्राचीन कालमा यस क्षेत्रमा राजी (जात) परिवारका मानिस बस्ने गर्दथे । उनीहरूको मुख्य पेशा तथा व्यवसाय माछा मार्ने थियो। एक जना राजीले मन्दिरको पूर्वदक्षिणस्थित भेरी नदीमा एउटी बालिका नदीमा बग्दै आएको देखेछन् ।

राजीले उनलाई घरमा ल्याई पालनपोषण गरेछन् । उनको नाम गंगामाला राखिएछ। पछि कन्याको उमेर बढ्दै गएपछि विवाहको तयारी गरिएछ। विहका लागि बर खोजेर विवाहमण्डपमा ल्याउने भन्दा एकाएक ती गंगामाला हराइछन् । पछि आकाशवाणी भएछ। तिनै गंगामालाले 'म देउती बज्यै (देवी) हुँ, मलाई कुनै दुःख पर्दा सम्झनू । मेरो वाहन सिंहलाई पशुवलि दिनु । ' भनिछन् र सो स्थानमा गंगामाला भगवतीको मन्दिर बनाई 'देउती बज्यै' का रूपक मूर्ति राखी पूजाआजा गरिदै आइएको छ। मन्दिरका सम्बन्धमा अन्य विभिन्न किंवदन्ती पनि पाइन्छ। मन्दिरमा राजी परिवारबाट नियमित पूजाआजा हुँदै आएको छ।

मनले चिताएको पुग्ने विश्वासका साथ देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेको मन्दिरका पूजारी अनिशा राजीले जानकारी दिए। उनका अनुसार हाल मन्दिरमा पाँचवटा राजी परिवारका सदस्यले पालो लगाएर पूजाआजा गर्दै आएका छन् । देउती बज्यै मन्दिर व्यवस्थापन समितिका कर्मचारी सर्वराज विसीका अनुसार मन्दिर परिसरमा मूल देउती बज्यैको मन्दिरसहित गणेश, शिव, दुर्गाको मन्दिर आदि रहेका छन् ।

तीन सय वर्षभन्दा पुरानो अनुमान गरिने यस मन्दिर परिसर कुल १० कठ्ठा क्षेत्रमा फैलिएको उनले जानकारी दिए। मन्दिर व्यवस्थापन समितिको अध्यक्ष स्थानीय तहका प्रमुख हुने प्रचलन रहेको छ। साविक लाटिकोइली गाविसमा रहेको यस मन्दिर अहिले वीरेन्द्रनगर नगरपालिका नं. १० मा पर्ने र यहाँको अध्यक्ष नगरपालिकाका प्रमुख रहेको विसीले जानकारी दिए। नगरपालिकाले यहाँका विभिन्न पूर्वाधार विकासका लागि सहयोग गरेको उनले जानकारी दिए।

सामान्य पूजासहित बली पूजा हुने यस मन्दिरमा आइतबार, एकादशी, औंशी, साउन महिना र सोह्र श्राद्धका समयमा बाहेक अन्य समयमा बली पूजा हुने गर्दछ। मन्दिरमा बलि पूजाका लागि एउटा बली दिए बापत समितिमा एक सय रुपैयाँको रसिद शुल्क बुझाउनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै मोटरसाइकल पूजा गरेको दुई सय रुपैयाँ, सानो गाडी पूजा गरेको रु ५०० तथा ठूला गाडी पूजा गरेको एक हजार रुपैयाँ शुल्क बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

राजी समुदायका पाँच परिवारले पाले पालो यहाँको पूजा गर्ने गरेको बताउँदै विसीले पालो पर्दाको दिनमा जम्मा भएको दान तथा सहयोगमध्ये अक्षतालगायत पूजा खर्च कटाएर ५०/५० प्रतिशत पूजारी तथा समितिमा भाग लगाउने प्रचलन रहेको जानकारी दिए। समितिले मन्दिरको व्यवस्थापनका लागि तीन जना कर्मचारी राखेको उनले जानकारी दिए।

मन्दिरमा देशका विभिन्न भागबाट विभिन्न भाकलका साथ दर्शनार्थी आउने पुजारी परिवारका अर्का सदस्य नानुमाया राजी बताउँछन । विशेष चाडपर्व र तिथिमा यहाँ भक्तजनको ठूलो भीड लाग्ने गरेको उनले बताए। विभिन्न रोजगारी प्राप्तीसहित मनले चिताएको कुरा पुग्ने विश्साका कारण मन्दिर प्रतिको धार्मिक आस्था झन् झन् बढीरहेको उनले जानकारी दिए।

देशका विभिन्न भागबाट सुर्खेत घुम्न आउने भ्रमण टोलीले पनि नछुटाउने गन्तव्यका रूपक देउती बज्यै देवीको मन्दिर पर्ने गरेको उनको भनाइ छ। हाले पर्यटकीय राजधानी पोखराको लेखनाथ क्षेत्रका होटल तथा रेष्टुरेन्ट एशोसिएसनमा आवद्ध व्यवसायी एवम् पर्यटन सम्बद्ध संस्थाका प्रतिनिधिले देउती बज्यै देवी मन्दिरको स्थलगत अवलोकन भ्रमण गरेको एशोसिएसनका सल्लाहकार एवम् पोखरा भ्रमण वर्ष २०२५ का कार्यसम्पादन समितिका सह संयोजक दामोदरभक्त थापाले जानकारी दिए।

# चौकुने गाउँपालिका
# गाउँ कार्य पालिकाको कार्यालय

**गुटु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## नदीजन्य पदार्थ को लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८२/०६/०७**
**दोस्रो पटक प्रकाशित मिति:२०८२/०६/२९**
**तेस्रो पटक प्रकाशित मिति:२०८२/०७/२१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस चौकुने गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १० क व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन तथा बिक्री गरी यस चौकुने गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भयकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं | सूचनानं./ बोलपत्रनं. | बोलपत्र कोनाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्रदस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/SQ / GOODS/ 02/2082-83 | चौकुने गाउँपालिका स्थित चैतुरुवा खोलाका घाटहरु | १०८०१। (घ.मि.) | १९,०५,८३६।४५ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |
| २ | CRM/SQ / GOODS/ 04/2082-83 | चौकुने गाउँपालिका स्थित तामाधारा खोला, गोजि खोला, कार्पा खोला, कुमाला कर्णाली छालका घाटहरु | १४७०६।३ (घ.मि.) | २५,९४,९२६।६५ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |
| ३ | CRM/SQ / GOODS/ 05/2082-83 | चौकुने गाउँपालिका स्थित झाला कर्णाली छालका घाटहरु | १४२४६।४ (घ.मि.) | २५,१३,७७७।२८ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |
| ४ | CRM/SQ / GOODS/ 06/2082-83 | चौकुने गाउँपालिका वडा नं २ स्थित धम्बु र बोला खोलाका घाटहरु | १३००२।२ (घ.मि.) | २२,९४,२३८।१९ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०८१-०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फारम दस्तुर बापतको रकम लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको यस कार्यालयको खाता नं. ०९६०३००००२२(कार्यालयक कोडः ८०१०६६८०७६,राजश्व शिर्षकः १४२२९)मा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.npबाट बोलपत्र समबन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथी उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आँफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको धरौटी खाता नं ०९६०३०००१७२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिल्बन्दी खाम साथ पेश गर्नु पर्नेछ । खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोप्राइटरको नाम,ठेगाना,फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लागाई तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्ने बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनको दिनमा गरिनेछ ।

४. प्रि-बिड बैठक यो सूचना तेस्रो पटक प्रकाशित मितिले ५ औं दिन दिनको १ बजे चौकुने गाउँपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल अषाढ मसान्त सम्म म्याद सहित जारि गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकार तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखीएको धरोटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४; सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. बोलपत्रदाताले कार्यालयले तोकेको शर्तहरुको अधिनमा रही कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित नगदी रसिदको मात्र प्रयोग गर्न पाउनेछ।साथै नदीजन्य पदार्थ उत्खनन्संकलन र विक्रि वितरण को मास्केवारि गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ।साथै गाउँपालिका र अन्य अनुगमन गर्ने निकाय वा अधिकारीले नियमानुसार जुनसुकै बखत नुगमन गर्न सक्ने छन।

९. कारण जनाइ वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ । बोलपत्र दिंदा कुनै किसिमको शर्तनामा मान्य हुने छैन साथै रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

(नोटः विस्तुत जानकारीको लागि यस कार्यालयको website: chaukunemun.gov.np मा समेत हेर्न सकिनेछ ।)

CS CamScanner

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# जलवायु प्रतिरोधात्मक पूर्वाधार निर्माणमा दातृ निकायले सघाउने

**युग संवाददाता**
**काठमाडौं, २० कार्तिक ।** नेपालमा विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा प्रतिरोधात्मक पूर्वाधार विकासकामा एसियाली विकास बैंक (एडिबी) विश्व बैंक समूहअन्तर्गतको अन्तरराष्ट्रिय विकास सङ्घ र स्वीस विकास सहयोग (एसडिसी) ले सहयोग गर्ने भएका छन् ।

तीन दातृ निकायले आगामी तीन वर्षसम्म प्रदान गर्ने सहायतासम्बन्धी समझदारीपत्रमा बुधबार यहाँ हस्ताक्षर गरेका यहाँस्थित विश्व बैंकको कार्यालयले जनाएको छ । त्रिपक्षीय समझदारीअनुसार जलवायुजन्य जोखिम मूल्याङ्कन, सूचना प्रणालीको सुदृढीकरण एवं जलवायु जोखिम व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री चन्द्रा पंगाली धनी रहेको, दर्ता नम्बर ९८२७/०७९/०८० बाट वीन.न.पा-९, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री विजेता होस्टेल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

कर्णाली प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

### लोक कल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रमका लागि निवेदन दिने सम्बन्धी सूचना

**मिति: २०८२।०७।२१**

विज्ञापन प्रसारण तथा प्रकाशन गर्ने ईच्छुक सञ्चार माध्यमले कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ को उपदफा (२) र अनुसूची-१ मा भएको व्यवस्था बमोजिम देहायको बैंक खातामा तोके बमोजिम रकम दाखिला गरी बैंक भौचर र आवश्यक कागजात सहित तपसीलको ठेगानामा सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र अनलाइन निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**निवेदन शुल्क:**

- टेलिभिजन - रु. दुई हजार रुपैया
- एफ. एम. रेडियो - रु. एक हजार पाँच सय रुपैया
- पत्रपत्रिका - रु. एक हजार रुपैया
- अनलाइन सञ्चार माध्यम - रु. पाँच सय रुपैया।

सो सम्बन्धी विस्तृत जानकारीका लागि मन्त्रालयको वेबसाइट https://moial.karnali.gov.np मा राखिएको कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ अध्ययन गर्नु हुन अनुरोध छ।

**निवेदन दिने ठेगाना:** https://moial.karnali.gov.np/np/bigyapan/system
**थप जानकारीको लागि:** मोबाइल नः ९८४८२५३३४६

**निवेदन दस्तुरका लागि बैंक खाताको विवरण:**
बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, सुर्खेत,
बैंक खाता नः १०००१००२०१०१०००६
राजश्व शिर्षक नः १४२२९
कार्यालय कोड नः ३१४००६८०१६

वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति २०८२/०७/२१ गते

सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ०२ टोल रेडियो नेपाल जलेश्वरमा बस्ने श्री बिमला चौलागाईको नाममा रहेको कि.नं. ४६५७, क्षेत्रफल ७९.००१ वर्ग मिटरमा घर नक्सा प्रमाणित गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको साँध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन।

**तपसिल :**

**पूर्व जग्गाधनी** : गंगप्रसाद चौलागाई
**पश्चिम जग्गाधनी:** धनकृष्ण चौलागाई
**उत्तर जग्गाधनी** : उदय थापा
**दक्षिण जग्गाधनी** : बाटो

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित(।बबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

प्रो. पदम बहादुर बुढा
खानी विभागबाट ढुङ्गा उत्खननको अनुमति प्राप्त
वि.सी. सिलेट ढुङ्गा काट्ने उद्योग
जुनीचाँदे-११, जाजरकोट
सम्पर्क स्थान : वीरेन्द्रनगर-१२, एयरपोर्टचोक, सुर्खेत

स्वदेशी नेचुरल अर्गानिक ढुङ्गा
हाम्रा सेवाहरु : घर, ट्वाईलेट, बाथरुम, बरण्डा, आँगन, पेटीमा बिछ्याउन सकिने, मठ मन्दिर, पार्क, पर्यटकीय स्थलमा आकर्षक रुपमा डिजाइनमा बिछ्याउन सकिने स्लेट ढुङ्गा अर्डर अनुसार विभिन्न साइजमा उपलब्ध छन् ।
☎ ९८५१३५१३२८, ९८५८०६१३२८

बिपद्को पूर्व तयारी गरौं ।

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्जन्य जोखिमबाट जोगिन:
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा बिपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं - आधिकारिक जानकारीमा मात्र भर परौं। -

बिपद् रोक्न सकिंदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार
विज्ञापन बोर्ड

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

BHAWANI CHHAPAKHANA
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com
Book & Copy Production
4 Colour Design & Print
Wedding Card
Auto Stamp
Broucher Design & Print
Calender Design & Print
Screen Printing
Flex Print


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।